Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्षः २६ | अंकः ६८ | वि.सं. २०८३ | असार | ६ | शनिवार | नेपाल संवत: ११४५, | ज्येष्ठ शुक्ल षष्ठी | Saturday | 20 | June | 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## बढ्यो काँक्रेविहार हाफ म्याराथनको पुरस्कार राशी




**◣युग संवाददाता**
**सुर्खेत, ५ असार ।**

यही सोमबार (८ असार) बिहान वीरेन्द्रनगरमा हुन लागेको तेस्रो एक्सट्रिम काँक्रेविहार राष्ट्रिय हाफ म्याराथनले पुरस्कार राशी बढाएको छ। 'दौडिन्छ कर्णाली' नारासहित आयोजना हुने म्याराथनमा पुरस्कारको राशी यसअघि निर्धारण गरिएको भन्दा बढाएको हो।

अब २१ किमी हाफ म्याराथनका प्रथम धावकले एक लाख ५० हजार तथा दोस्रोले ७५ हजार राशीको पुरस्कार पाउनेछन्। महिला म्याराथन र छात्रछात्राको प्रतिष्पर्धामा पनि पुरस्कार राशी बढाइएको छ। प्रतियोगिताको मस्कट, टिर्सट सार्वजनिक गर्दै आयोजकले सो जानकारी दिएको हो।

वीरेन्द्रचौकबाट मंगलगढी, एयरपोर्ट, धुलियाबिट र सुब्बाकुना हुँदै पुनः सुब्बाकुनाबाट मंगलगढी, बांगेसिमल हुँदै वीरेन्द्रचौक आउने दौड समापन हुनेछ। आयोजक मध्यपश्चिम फिटनेस सेन्टरका प्रबन्ध निर्देशक प्रमोद हमालले २१ किमी दौडमा पुरुष, महिलालाई १० किमी र स्कूले छात्रछात्राका लागि ५ किमी निर्धारण गरिएको छ। कर्णाली प्रदेश खेलकुद विकास परिषद्को आर्थिक सहयोग तथा मिड वेस्टर्न फिटनेस सेन्टर, सुर्खेतको आयोजनामा प्रत्येक वर्ष ओलम्पिक डेका अवसरमा सञ्चालन हुँदै आएको प्रतियोगिताको यो तेस्रो संस्करण हो। यसपटक प्रतियोगिताको टाइटल स्पोन्सर एक्सट्रिम इनर्जी ड्रिंक रहेको छ।

यस्तै, प्रतियोगिताका लागि नेपालगन्जको ब्राइट ल्याण्ड स्कुलले ५० हजार बराबर मूल्यको खेलाडीले लगाउने टिसर्ट प्रायोजन गरको छ। ब्राइटले प्रतियोगिता स्थापनादेखि नै काँक्रेविहार हाफ म्याराथनसँग सहकार्य गर्दै आएको छ। 'दौडिन्छ कर्णाली' नारालाई मूर्त रूप दिन कर्णाली खेलकुद विकास परिषद्को अनुरोधमा विगत दुई वर्षदेखि फिटनेस सेन्टरले प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन गर्दै आएको जनाइएको छ। प्रबन्ध निर्देशक हमालले यो परिषद्कै वार्षिक कार्यक्रम रहेको बताए।

# राष्ट्रिय अर्थतन्त्रमा कर्णालीको क्षेत्रगत हिस्सा ४.२० प्रतिशत रहने अनुमान




**◣ओम शाही**
**सुर्खेत, ५ असार ।**

चालु आर्थिक वर्ष २०८२/०८३ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान ४.२० प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। यो गत आर्थिक वर्ष २०८१/०८२ को तुलनामा ०.५ प्रतिशतले कम हो। गत आर्थिक वर्षमा राष्ट्रिय आयमा कर्णालीको योगदान ४.२५ प्रतिशत थियो। नेपाल राष्ट्र बैंक कर्णाली प्रादेशिक कार्यालय सुर्खेतले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ को अर्धवार्षिक प्रतिवेदनमा प्रदेशहरूको समग्र आर्थिक स्थिति तुलना गर्दा चालु आर्थिक वर्षमा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.७१ प्रतिशत रहदा कर्णालीको हिस्सा सबैभन्दा कम ४.२० प्रतिशत रहने उल्लेख छ। यस्तै, कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै १७.३६ प्रतिशत छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.५१ प्रतिशत छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३३.५९ प्रतिशत छ। राष्ट्रिय आयमा उद्योग क्षेत्रबाट योगदान गर्ने कर्णालीको सबैभन्दा कम हिस्सा ३.०२ प्रतिश रहेको तथ्यांकले देखाउँछ। यस्तै, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४६.४८ प्रतिशत रहदा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.७६ प्रतिशत छ।

आर्थिक वर्ष २०८२/०८३ मा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कर्णाली प्रदेशको योगदान क्रमशः ५.५१ प्रतिशत, ३.०२ प्रतिशत र ३.७६ प्रतिशत रहने राष्ट्र बैंकको प्रारम्भिक अनुमान छ। प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/०८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) दुई खर्ब ७७ अर्ब पुग्ने अनुमान छ। यस्तै, चालु वर्षमा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) २.१४ प्रतिशत रहने अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/०८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा समग्र कृषि, उद्योग र सेवा क्षेत्रको

► बाँकी ३ पेजमा

## यस्ता छन् कर्णालीको अर्थतन्त्रका चुनौती र सम्भावना

कर्णाली प्रदेशको भौगोलिक विकटता र सीमित स्रोत साधनका कारण सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार नहुँदा अर्थतन्त्रले आकार लिन नसकेको राष्ट्र बैंकले जनाएको छ। कर्णालीको हवाई यातायातलाई सुलभ र सहज यातायातको साधनका रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नुका साथै प्रदेशका विमानस्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्ने चुनौती छ।

यस्तै, बहुमूल्य जडीबुटीहरुको प्रदेशमै प्रशोधन गरी प्रदेशबाटै अन्तिम वस्तुको उत्पादन तथा बिक्री वितरण, परम्परागत खेतीमा आधारित निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक, वैज्ञानिक र रोजगारीयुक्त व्यावसायिक कृषि प्रणालीमा रुपान्तरणमा जोड दिनुपर्ने राष्ट्र बैंकको सुझाव छ। दीर्घकालीन रोजगारीका अवसरहरु सृजना गरी उल्लेख्य मात्रामा रहेको गरिबी दरलाई न्यूनीकरण, लगानीको वातावरण सृजना गरी उत्पादन र रोजगारी वृद्धि, अथाह सम्भावना भएका प्राकृतिक स्रोतहरुको उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धान गरी प्रादेशिक तहमा उद्योग तथा उद्यमशीलता विकासलाई राष्ट्र बैंकले कर्णालीका चुनौती मानेका छन्।

सुर्खेत-जाजरकोट-डोल्पा जोड्न भेरी कोरिडोर, सुर्खेत-दैलेख-कालीकोट-बाजुरा-हुम्लाको हिल्सा जोड्ने कर्णाली कोरिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा-मुगुको नाक्चेलाग्ना सडक खण्डको

► बाँकी ३ पेजमा

## कर्णाली खेलकुदको हब बन्दैछ : मन्त्री शाह

**◣युग संवाददाता**
**सुर्खेत, ५ असार ।**

कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री एवं नेपाल एथलेटिक्स संघका केन्द्रीय अध्यक्ष राजीवविक्रम शाहले यो क्षेत्रलाई खेल हबका रूपमा विकास गरिने बताएका छन्। शुक्रबार (असार ५) सुर्खेतको वीरेन्द्रनगरमा पहिलोपटक आयोजित ४६औं राष्ट्रिय एथलेटिक्स प्रतियोगिताको उद्घाटन गर्दै मन्त्री शाहले यस्तो बताएका हुन्।



कर्णालीको भूमिमा राष्ट्रियस्तरको प्रतियोगिता आयोजना हुनु गौरवको विषय भएको उनले उल्लेख गरे। कर्णालीमा निर्मित खेल पूर्वाधारको प्रभावकारी उपयोग गर्ने उद्देश्यले राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गरिएको उनले बताए। 'कर्णालीमा खेल पूर्वाधार त बनेका थिए, तर तिनको अपेक्षित रूपमा उपयोग हुन सकेको थिएन। त्यसैले पूर्वाधारको सदुपयोग गर्दै खेल गतिविधिलाई विस्तार गर्न यो प्रतियोगिता आयोजना गरेका हौँ,' उनले भने।' आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि कर्णालीलाई खेल हबका रूपमा विकास गर्ने लक्ष्यसहित काम अघि बढाएको उनले बताए। खेलकुदमार्फत पर्यटन प्रवर्द्धन गर्न सकिने उनले उल्लेख गरे।

कर्णालीमा दक्षिण एसियालीस्तरका प्रतियोगिता आयोजना गर्ने योजना रहेको उनले सुनाए। 'खेलकुद केवल प्रतिस्पर्धाको माध्यम मात्र होइन, यसले पर्यटन, अर्थतन्त्र र प्रदेशको पहिचान प्रवर्द्धनमा समेत महत्त्वपूर्ण भूमिका खेल्छ,' उनले भने।' मन्त्री शाहले कर्णालीका खेलाडीलाई पर्याप्त अवसर प्रदान गरिनुपर्ने बताए। नेपाल एथलेटिक्स संघ खेलाडीको क्षमता विकास र अवसर विस्तारका निम्ति प्रतिबद्ध रहेको उनले उल्लेख गरे। तीन दिनसम्म सञ्चालन हुने ४६औं राष्ट्रिय एथलेटिक्स प्रतियोगितामा सात प्रदेश र तीन विभागका गरी तीन सय २० खेलाडीको सहभागिता छ।

**१० किलोमिटर दौडमा रोकाय र श्रेष्ठ प्रथम**

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरस्थित कर्णाली प्रदेश रंगशालामा सुरु भएको ४६औं नेशनल एथलेटिक्स च्याम्पियनसिपको १० किलोमिटर दौड प्रतियोगितामा पुरुषतर्फ नेपाल आर्मीका राजन रोकाय र महिलातर्फ वाग्मती प्रदेशकी सन्तोसी श्रेष्ठ प्रथम भएका छन्। कर्णाली प्रदेशमा पहिलोपटक आयोजना उक्त प्रतियोगितामा देशभरका सात प्रदेश तथा तीन विभागीय टोलीका खेलाडीले सहभागिता जनाएका थिए। प्रतियोगितामा ३२० खेलाडी प्रतिस्पर्धामा उत्रिएको नेपाल एथलेटिक्स संघका केन्द्रीय सचिव राधाकृष्ण विष्टले जानकारी दिए।






कथा :

# जब घमण्ड चुक्यो



✍ बद्री अधिकारी



असारको साँझ थियो । कालो बादलले आकाश गुम्सिएको थियो । दिनभरि परेको झरी केही रोकिएजस्तो लागे पनि सडक भिजेको थियो । बिजुलीका खम्बाबाट पानीका थोपा तपतप झरिरहेको थियो । पसलका साइनबोर्ड पानीमा चम्किरहेका थिए । सडकभरि गाडीका टायरले पानी उछिट्याउँदै हतारको आवाज निकालिरहेको थियो ।

रत्नपार्कको बस स्टप सधैँझैँ कोलाहलले भरिएको थियो । कोही छाता समातेर उभिएका थिए । कोही मोबाइल हेर्दै बस कुरिरहेका थिए । कोही चिया पसलमा ओत लागिरहेका थिए ।

त्यत्तिकैमा हाम्रो अगाडि एउटा पुरानो हरियो बस आएर रोकियो । बस रोकिएलगत्तै यात्रुहरूको भीड समुद्रको छालझैँ उर्लियो । ओर्लिने र चढ्ने यात्रुबीच तँछाडमछाड मच्चियो ।

त्यही भीडबीच एक महिला थिइन्– प्रणिता ।

उनको नामजस्तै अनुहारमा शान्त पूर्णता झल्किन्थ्यो । उनले हल्का गुलाबी कुर्ता लगाएकी थिइन् । काँधमा झोला थियो, अनि आँखामा दिनभरिको थकान । उनी एक निजी विद्यालयमा संगीत सिकाउँथिन् । स्वरले मानिसको मन छुन सक्ने ती महिला स्वभावले पनि अत्यन्त मृदुल थिइन् ।

मुश्किलले उनी बसभित्र छिरिन् । भित्र खुट्टा टेक्ने ठाउँसमेत थिएन । माथिको फलामे डन्डी समातेर उभिइन् । अरू यात्रुहरू पनि त्यसरी नै अडिएका थिए ।

बसभित्र पसिनाको गन्ध, भिजेका कपडाको चिसोपन र मानिसहरूको गुनगुनाहट मिसिएको थियो । बाहिर पानी परिरहे पनि बसभित्र अधिकांश यात्रुले गर्मी महसूस गरिरहेका थिए ।

नजिकैको सिटमा दुई पुरुष बसेका थिए ।

एक थिए हाडजोर्नी विशेषज्ञ– डाक्टर सुगम । अर्का थिए अधिवक्ता– निश्चल ।

दुवै अपरिचित थिए । बसको यात्रामा कहाँ सबै चिनेजानेका हुन्छन् र !

सुगम अस्पतालबाट ड्युटी सकेर फर्किरहेका थिए भने निश्चल अदालतको बहस सकेर घरतिर लागेका थिए ।

बस चल्न नपाउँदै फेरि बाहिरबाट यात्रुहरू हतारिँदै चढ्न थाले। आजकल ठूलो शहरमा भीड अत्यधिक बढ्दै गएको थियो ।

त्यही भीडसँगै एक युवक यात्रुलाई धकेल्दै बसभित्र पस्यो ।

उसको नाम थियो–प्रबल । उसको शरीर बलिष्ठ थियो । कालो टिसर्टभित्र मांसपेशी स्पष्ट देखिन्थे । पाखुरामा ठूलो ट्याटु थियो । आँखा कठोर थिए, अनुहारमा उद्दण्डता झल्किन्थ्यो ।

"ए, साइड ! साइड !" भन्दै ऊ अघि बढ्न खोज्यो । कुहिनो र काँधले यात्रुहरूलाई बेसरी धकेलिरह्यो ।

अचानक उसको बलियो धक्का प्रणितामाथि पऱ्यो ।

"आँह !"

प्रणिताको शरीर नियन्त्रणबाहिर हुत्तियो । उनी लड्न लागेकी थिइन्, तर उनको कम्मर बसको फलामे सिटको हत्थामा जोडले ठोक्कियो ।

टन्न आवाज आयो ।उनको अनुहार क्षणभरमै फुस्रो भयो । हातको पकड छुट्नै लागेको थियो ।

डाक्टर सुगम झसङ्ग भए । उनी तुरुन्त उठे ।

"सावधान !" भन्दै उनले प्रणितालाई समातेर आफू बसेको सिटमा बसाए ।

प्रणिता सिटमा बसिन्, तर पीडाले उनको अनुहार खुम्चिएको थियो ।

उता निश्चलले प्रबललाई तीखा आँखाले हेरे ।

"तपाईं आँखा खोलेर हिँड्न सक्नुहुन्न ?"

प्रबल झर्कियो ।

"भीडमा यस्तै हुन्छ !" उसको स्वर अहंकारले भरिएको थियो ।

"भीडमा मान्छेलाई घाइते बनाउन पाइन्छ ?" निश्चलको स्वर कठोर भयो ।

बसभित्र केहीबेर मौनता छायो । यात्रुहरू उत्सुकताका साथ त्यतैतिर हेरिरहेका थिए ।

सुगमले प्रणिताको अवस्था हेर्दै सोधे, "दुखाइ धेरै छ ?"

"कम्मर... धेरै पोलिरहेको छ ।"

सुगमको अनुभवले संकेत दिइरहेको थियो– यो सामान्य चोट थिएन ।

"उभिन सक्नुहुन्छ ?"

प्रणिताले प्रयास गरिन्, तर फेरि पीडाले कराइन् ।

सुगम गम्भीर भए ।

"हड्डीमा चिरा परेको हुन सक्छ ।"

यो सुन्नेबित्तिकै केही यात्रुहरूले प्रबलतिर घुरेर हेर्न थाले ।

प्रबल अझै जिद्दी मुद्रामै थियो ।

"मैले जानाजान गरेको होइन ।"

निश्चलले शान्त तर धारिलो स्वरमा भने, "जानाजान नभए पनि जिम्मेवारीबाट भाग्न पाइँदैन ।"

बाहिर झन् जोडले पानी परिरहेको थियो । बिजुली चम्कँदा बसका झ्यालहरू क्षणभर सेता भएर टल्किन्थे ।

सुगमले चालकलाई भने, "भाइ, नजिकको अस्पतालमा रोक्नुस् । बिरामीको अवस्था ठीक छैन ।"

केही मिनेटपछि बस ट्रमा सेन्टरअगाडि रोकियो । अझै झमझम पानी परिरहेको थियो । सडकबत्तीको उज्यालो पानीमा टुक्रिएर चम्किरहेको थियो ।

सुगम र निश्चलले मिलेर प्रणितालाई सावधानीपूर्वक बसबाट ओराले । प्रणिताका खुट्टा थर्थर काँपिरहेका थिए ।

प्रबल पनि बसबाट ओर्लियो । यसपटक उसको अनुहारमा पहिलेको उग्रता थिएन ।

"म पनि आउँछु," उसले बिस्तारै भन्यो ।

निश्चलले उसलाई हेरे ।

"आउनै पर्छ, नत्र प्रहरीद्वारा झिकाउन सकिन्छ ।"

अस्पतालको आकस्मिक कक्ष भीडले भरिएको थियो । घाइतेहरूको कराहट, स्ट्रेचर गुडेको आवाज र नर्सहरूको दौडधूपले वातावरण तनावपूर्ण देखिन्थ्यो ।

सुगम डाक्टर भएकाले अस्पतालका कर्मचारी र चिकित्सकहरूले उनलाई चिन्थे । उनलाई देख्नासाथ स्टाफहरूले तुरुन्त सहयोग गरे ।

प्रणितालाई एक्स-रे कक्षमा लगियो ।

बाहिर कुर्दै गर्दा निश्चलले प्रबललाई सोधे, "के गर्नुहुन्छ तपाईं ?"

"व्यायाम प्रशिक्षक," उसले छोटो उत्तर दियो ।

"शरीर बलियो बनाउनु राम्रो कुरा हो," निश्चलले भने, "तर बलले अरूलाई चोट दिन थालेपछि त्यो शक्ति होइन, आफ्नै लागि घातक बन्न सक्छ ।"

प्रबल चुप रह्यो ।

शायद पहिलोपटक कसैले उसको शक्तिलाई प्रशंसा होइन, जिम्मेवारीको दृष्टिले हेरेको थियो ।

उसले टाउको झुकायो । उसको घमण्ड भित्रैबाट चर्किन थाल्यो ।

उसको मन अनायासै विगततिर फर्कियो । सानैमा ऊ आफ्नी दिदीसँग निकै नजिक थियो । दिदीसँग खेल्दै, रमाउँदै बित्ने बाल्यकाल अचानक उनको मृत्यु भएपछि सुनसान बनेको थियो । त्यसपछि ऊ बिस्तारै झर्किने, रिसाउने र साथीहरूसँग झगडा गर्ने स्वभावतिर ढल्किँदै गयो । समय बित्दै जाँदा उसले कठोर बन्नुलाई नै शक्ति सम्झिन थाल्यो । त्यही रुखोपनले आज उसलाई यो अवस्थामा पुऱ्याएको थियो ।

केहीबेरपछि रिपोर्ट आयो ।

सुगमको अनुहार गम्भीर भयो ।

"कम्मरको हड्डीमा सामान्य चिरा परेको छ । फ्र्याक्चर होइन, तर सावधानी अपनाउनुपर्छ ।"

प्रणिताको आँखामा डर झल्कियो ।

"निको हुन्छ ?"

"हुन्छ," सुगमले आश्वस्त पार्दै भने, "तर केही हप्ता आराम गर्नुपर्छ ।"

निश्चलले प्रबलतिर हेरे ।

"अब बुझ्नुभयो ?"

प्रबलको अनुहार मलिन भयो ।

"म... मैले यति ठूलो चोट लाग्ला भनेर सोचेकै थिइनँ ।"

"गल्तीको आकार नियतले होइन, परिणामले देखाउँछ," निश्चलले भने ।

प्रबलको शिर निहुरियो । पछुतो मानिरहेको थियो शायद ।

उपचार शुरु भयो । औषधि, एक्स-रे, बेल्ट र जाँच–सबै गर्दा खर्च बढ्दै गयो ।

प्रणिताले झोलाभित्रको पर्स समातिन् ।

उनको स्वर कमजोर थियो ।

"मसँग त्यति पैसा छैन..."

त्यसैबेला प्रबल अघि बढ्यो ।

"सबै खर्च म तिर्छु ।"

सुगम र निश्चल दुवैले उसलाई हेरे ।

निश्चलले सोधे, "दबाबले हो कि जिम्मेवारीबोधले ?"

प्रबल केही क्षण मौन रह्यो ।

"जिम्मेवारी महसूस भएर," उसले बिस्तारै भन्यो ।

"आज मैले बुझेँ," उसले आँखाभरि आँशु लिएर बिस्तारै भन्यो, "बलियो हुनु भनेको अरूलाई दबाउनु होइन, जोगाउनु रहेछ ।"

उसले आफ्नो एटीएम कार्ड निकाल्यो । सबै उपचार खर्च उसैले तिऱ्यो ।

त्यसैबेला प्रणिताको मोबाइल बज्यो ।

फोन उनकी आमाको थियो ।

"छोरी, कहाँ छस् ?"

प्रणिताले कमजोर स्वरमा सबै घटना सुनाइन् ।

करिब आधा घण्टापछि अस्पतालमा उनका बुबा, आमा र सानो भाइ आइपुगे ।

आमा आतुर हुँदै छोरीतिर दौडिइन् ।

"कस्तो भयो, नानी ?"

बुबाको अनुहार चिन्ताले भरिएको थियो ।

सुगमले शान्त स्वरमा सबै अवस्था बुझाए ।

"डराउनुपर्ने अवस्था छैन, तर केही समय आराम गर्नुपर्छ ।"

प्रणिताका बुबाले हात जोड्दै भने, "डाक्टर साब, वकिल साब ! तपाईंहरू नभएको भए के हुन्थ्यो कुन्नि..."

निश्चलले मुस्कुराउँदै भने, "हामीले गर्नुपर्ने कर्तव्य मात्र गरेका हौँ ।"

त्यतिबेला प्रबल केही पर उभिएको थियो । उसको टाउको झुकेको थियो ।

प्रणिताकी आमाले उसलाई देखेर सोधिन्, "यिनै हुन् ?"

प्रबलको अनुहार झन् मलिन भयो ।

उसले अघि बढेर बिस्तारै भन्यो, "माफ गर्नुहोस्, अंकल, आमा... मेरो कारणले यस्तो भयो । तपाईंहरूले मलाई जे सजाय दिए पनि म स्वीकार्छु ।"

कोठाभित्र केही क्षण मौनता छायो । प्रबलको त्यो वाक्यले शायद सबैको मन छोयो ।

प्रणिताका बुबाले उसलाई ध्यानपूर्वक हेरे ।

उनी रिसाउन खोजिरहेका थिए, तर युवकको अनुहारमा देखिएको पश्चातापले उनको क्रोध बिस्तारै पग्लिँदै गयो ।

"गल्ती ठूलो भयो, बाबु । तर गल्ती स्वीकार गर्ने साहस सबैसँग हुँदैन । तिमीले त्यो साहस देखायौ । त्यो तिमीभित्रको सुधारयोग्य गुण हो । अब तिमीमा नम्रताको शुरुवात भइसकेको छ । मलाई विश्वास छ– अब तिमीबाट यस्ता गल्ती दोहोरिने छैनन् ।"

प्रबलका आँखामा आँशु टिलपिलाए ।

शायद जीवनमा पहिलोपटक उसले आफूलाई साँच्चिकै कमजोर महसूस गरिरहेको थियो ।

प्रणिताले प्रबललाई हेरिन् ।

हिजो बसभित्र देखिएको उद्दण्ड युवक अहिले बिल्कुलै फरक देखिएको थियो ।

"तपाईंको घरमा दिदीबहिनी छैनन् ?", उनले सोधिन् ।

प्रबल केहीबेर मौन रह्यो ।

"दिदी थिइन्.. सानैमा बितिन् । त्यसपछि म कठोर बन्दै गएँ । मलाई लाग्थ्यो, नरम हुनु भनेको कमजोर हुनु हो ।"

प्रणिताको आँखामा करुणा भरियो ।

उनले बिस्तारै आफ्नो हात अगाडि बढाइन् ।

"आजदेखि म तिम्री दिदी ।"

प्रबल झसङ्ग भयो ।

"दिदी ?"

"हो," प्रणिताले हल्का मुस्कुराउँदै भनिन्, "तर एउटा सर्तमा । अब तिमीले कसैलाई चोट पुऱ्याउन होइन, जोगाउन आफ्नो शक्तिको प्रयोग गर्नुपर्नेछ ।"

प्रबलका आँखाबाट आँशु झऱ्यो ।

उसले काँपिरहेको हातले प्रणिताको हात समात्यो ।

"वाचा गर्छु, दिदी ! अब म आफूलाई सुधार्नेछु । विश्वास गर्नुहोस्, यो मेरो प्रतिज्ञा भयो ।"

कोठाभित्र अनौठो शान्ति फैलियो ।

सुगमले मुस्कुराउँदै निश्चलतिर हेरेर भने– "कानूनले सजाय दिन सक्ला, तर सम्बन्धले पनि मान्छे बदल्न सक्छ ।"

भारी वर्षा बिस्तारै थामिँदै थियो । आकाशमा बादल फाट्दै थिए ।

बिहानको हल्का घाम अस्पतालको झ्यालबाट भित्र पस्यो । प्रणिताको बेडछेउ उज्यालो भयो ।

त्यो उज्यालो केवल कोठाभित्र मात्र सीमित थिएन । त्यो एउटा उद्दण्ड युवकको चेतनाभित्र पनि बिस्तारै फैलँदै थियो ।

प्रणिताले सुगम, निश्चल र प्रबलतिर हेरेर भनिन्– "भाइहरू हो ! तिमीहरू एकजुट भएर काम गऱ्यौ भने यो समाजलाई उन्नत बनाउन एउटा इँटा थप्न सक्छौ ।"

तिनै जनाले एकैसाथ भने– "तपाईंको यो आशीर्वाद हामीलाई लागोस्, दिदी !"

अस्पतालको कोठाभित्र आत्मीयता र खुशी फैलियो । प्रणिताका आमाबुबा र भाइ पनि मुस्कुराइरहेका थिए । मानौँ पूरै कोठा मुस्कानले उज्यालिएको थियो ।

## विश्व

# हंगेरीमा प्रधानमन्त्रीको कार्यकाल आठ वर्षमा सीमित

**बुढापेस्ट, ५ असार ।**

हंगेरीका सांसदले देशको प्रधानमन्त्रीले आठ वर्षभन्दा बढी शासन गर्न नपाउने संवैधानि संशोधन पारित गरेका छन् । यो संशोधनले देशमा लामो समय शासन गरेका पूर्वप्रधानमन्त्री भिक्टर ओर्बानको सत्ता फिर्तीलाई प्रभावकारी रूपमा रोक्छ ।

ओर्बानको नेतृत्वमा रहेको फिडेज पार्टीको विरोधका बाबजुद आवश्यक सांसद सदस्यले सोमबार संशोधनको पक्षमा मतदान गरे । एक सय पचास सांसदले संशोधनको पक्षमा मतदान गर्दा ५० जनाले विपक्षमा मतदान गरेका थिए । ६ जना भने अनुपस्थित रहे ।

प्रधानमन्त्री पिटर मग्यार र उनको टिस्जा पार्टीको गत चुनावी अभियानका क्रममा गरेका प्रमुख वाचामध्ये प्रधानमन्त्रीको कार्यकालमा सीमा तोक्ने विषय पनि प्रमुख थियो । गत अप्रिलमा सम्पन्न संसदीय चुनावमा टिस्जा पार्टी दुईतिहाइभन्दा बढी मत हासिल गर्दै ओर्बानको १६ वर्ष शासन अन्त्य गरेको थियो । मग्यारले योलगायत विभिन्न सुधारमार्फत युरोपेली संघसँग बिग्रिएको बुडापेस्टको सम्बन्ध सुधार गर्ने बताएका छन् ।

यसअघि कार्यकाल सम्हालेपछिका सुरुवाती दिनमा प्रधानमन्त्री मग्यारले देशमा युरो मुद्रा चलाउने बताएका थिए । गत साता मात्रै मग्यारको सरकारले युरोपेली संघमा सामेल हुने युक्रेनको प्रवेश प्रक्रियालाई बुढापेस्टले लामो समयदेखि लगाउँदै आएको भिटो हटाउन सहमति जनाएको थियो । लगत्तै गत सोमबारदेखि किभले संघमा प्रवेश गर्ने प्रक्रिया सुरु गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** – शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ । अप्ठ्यारो परिस्थिति अँगाल्दै अघि बढ्नुपर्ने समय छ । समस्या दर्साउँदा साझेदार देखा पर्नेछन् ।

**वृष** – शुभचिन्तकको साथ-सहयोगले काम गर्न सकिनेछ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । चिताएका काम सम्पादन हुनेछन् ।

**मिथुन** – विचारले धेरैलाई आकर्षण गर्ने समय छ । बोलीको भरमा चिताएको काम सम्पादन हुनेछ । तारिफयोग्य कामले प्रशंसकहरू बढ्नेछन् ।

**कर्कट** – मेहनत गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ । हिम्मतले काम बनाउन सकिनेछ ।

**सिंह** – कामका लागि रकम जोहो गर्ने समय छ । आफन्त र परिवारबाट टाढिनुपरे पनि दिन उपलब्धिमूलक रहनेछ । टाढाका साथीभाइको निम्तो प्राप्त हुनेछ ।

**कन्या** – मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन् । आवश्यक भौतिक साधन सजिलै जुट्नेछन् । आम्दानी बढ्नाले उत्साह जाग्नेछ ।

**तुला** – प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । विशेष भेटघाटले उत्साह जगाउनेछ ।

**वृश्चिक** – सामाजिक काम सम्पादन गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । शुभचिन्तकहरूको सहयोग जुट्नाले मनग्य फाइदा हुनेछ ।

**धनु** – स्वास्थ्य कमजोर रहनेछ । खर्च र चुनौतीको समय रहेको हुँदा व्यवहारमा पनि सजग रहनुपर्ला । कामको चाप बढ्नेछ ।

**मकर** – घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ । पेसा-व्यवसायमा मनग्य लाभ हुनेछ । नयाँ योजना थालनी हुन सक्छ । तर, वादविवादले साथीभाइमा भने फाटो ल्याउनेछ ।

**कुम्भ** – प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ ।

**मीन** – पहिलेको सफलताले हौसला प्रदान गर्नेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ । अध्ययनमा राम्रो प्रगति गर्ने समय छ ।

कथा :

# उज्यालो बस्ती



नरेन्द्रनाथ भट्टराई

*यदि ज्ञान, देउता रिसाउने जादू हो भने किन यसको उज्यालोले मलाई भय होइन, स्वतन्त्रताको स्वाद दियो ?*

काठमाडौँका गगनचुम्बी भवनहरू, उद्योग, मोटरगाडी, भीड, धुवाँ र धुलोको अराजक कोलाहलबाट टाढा पहाडको काखमा टाँसिएजस्तो बनेको एउटा सानो गाउँ थियो, जसको नाम थियो उज्यालो बस्ती ।

नाममा उज्यालो भए तापनि, त्यस बस्तीको जीवनमा गोधूलिभन्दा पनि बाक्लो अन्धकार थियो । वर्षौंदेखिको अज्ञानताको सुरुङ, अन्धविश्वासको बेडी, शोषणको जञ्जिर र भयको छायाले गाउँलाई आवृत पारेको थियो । साँझ पर्दा पहाडबाट लम्बिने छायाले जब बस्ती ढाक्थ्यो, गाउँलेहरू डरले स्वर गम्भीर बनाएर भन्थे "देउता रिसायो, आज रात अनिष्ट बन्न सक्छ ।"

गाउँका तथाकथित 'पण्डित'हरू चौतारोमा उभिएर बारम्बार दोहोर्‍याउँथे "देवताको कोप टार्न धुपधुवांर र बलिवेदी अनिवार्य छ, नत्र विपत्ति अवश्यम्भावी छ !" यही वाक्य पुस्तौं देखिको नियति थियो गाउँलेहरूको । शिक्षकहरू कहिल्यै टिकेनन् । उनीहरूलाई 'कुसंस्कार फैलाउने शत्रु' भन्दै गाउँबाट धपाइन्थ्यो । मुखियाहरू बाहिरबाट आउने सहयोग निजी गोदाममा भण्डारण गर्थे । तर गाउँ भने भित्ताको लेदोजस्तै, चिरपुरानो अन्धकारमा कैद थियो ।

उज्यालो बस्ती सिसीफसको मिथकजस्तै थियो । जहाँ मानिसहरूले जीवनभर विशाल ढुङ्गा धकेल्थे र हरेकपल्ट त्यो ढुङ्गा पहाडको गोरेटो हुँदै फेरि तलै फर्किन्थ्यो, कहिल्यै कुनै प्रगति थिएन । त्यही बस्तीमा जन्मिएको थियो, विलक्षण ।

उसका आँखामा अचम्मको चमक थियो । न पण्डितको भय, न मुखियाको लोभ, न परम्पराको अन्धअनुदान । उसका आँखाहरूमा एउटै अडिग प्रश्न थियो, "किन ? यो प्रश्न उसले आफूसँग मात्र होइन, आफूभित्रको डरसँग पनि सोध्थ्यो ।

एकदिन गाउँको चौरमा प्रयोगको पुरानो सामान मर्मत गर्न गाउँभन्दा बाहिरको कुनै एक अपरिचित मानिस आयो । उसको सानो झोलामा मोबाइल थियो, गाउँमै पहिलोपटक देखिएको रहस्यमय यन्त्र ।

विलक्षणले पहिलोपटक मोबाइलको स्क्रिनबाट निस्किएको नीलो उज्यालो देख्दा उसका आँखाले मात्र हैन, सासले समेत गम खायो, जसरी अन्धा मानिसले पहिलोपटक दियोको प्रकाश बुझ्छ । त्यो उज्यालो गाउँको पुरानो ढुङ्गे भित्तामा प्रतिविम्बित हुँदा पुरानो अन्धकारको रंग क्षणभरमै हराएको महसूस भयो ।

स्क्रिनमा देखिएका विशाल संसारका चित्रहरूले उसको कल्पनाको पर्खाल भत्काइदियो । उसको हृदयको गहिराइबाट आवाज आयो, "यदि ज्ञान, देउता रिसाउने जादू हो भने किन यसको उज्यालोले मलाई भय होइन, स्वतन्त्रताको स्वाद दियो ?"

बिस्तारै उसले इन्टरनेट चलाउन सिक्यो । त्यसपछि संसारका महान् आवाजहरू उसका कानसम्म आइपुगे ।

मण्डेलाः "शिक्षा नै संसार बदल्ने सबैभन्दा शक्तिशाली हतियार हो ।"

अमर्त्य सेनः "विकास भनेको आयभन्दा बढी, स्वतन्त्रताको विस्तार हो ।"

हरारीः "मानिसहरू कथामा संयोजित हुन्छन्, त्यसैले इतिहास, सत्य र मिथक एउटै धागोबाट बुनेका हुन्छन् ।"

यी आवाजहरूले उसको हृदयमा एउटै स्वरमा चलायमान गति सृजना गराए, "गाउँमा परिवर्तन चाहिन्छ र त्यो सम्भव छ ।"

विलक्षणले गाउँको ढुङ्गे घरहरूमध्ये एउटामा सानो इन्टरनेट केन्द्र खोल्यो र नाम दियो, "उज्यालो क्याफे" गाउँका लागि त्यो केवल एक कोठा थियो, विलक्षणका लागि विश्वसँग साक्षात्कार हुने ज्ञानको द्वार ।

उसकी आमा पहिलोपटक त्यहाँभित्र पसेर स्क्रिनमा देखिएको विशाल समुद्र हेरेर चकित भइन् । उनको आँखामा आँशु टिलपिल टिलपिल भए, "आकाश आफैं भुइँमा ओर्लेको जस्तो छ त ! तर बाबु, यो नयाँ शक्तिले हाम्रा देउतालाई नरिसाओस् है !"

नक्सा नचिनेका, पुस्तक नदेखेका बुढाबुढीहरूले जब हिमालयभन्दा ठूला पर्वतहरू पनि विश्वमा छन् भन्ने थाहा पाए, अभिशप्त 'सानोपन' को भावनाले भरिएको जीवनको बोझ उनीहरूको आँशुले धुन थाल्यो ।

युवाहरूले युरोपका शहर, सिंगापुरका सडक, स्विट्जरल्याण्डका हिमाल देखे । उनीहरू एकअर्कालाई सोध्थे "सगरमाथा त संसारकै शिरमा उभिएको छ, तर हामी किन यति पछि छौं ?"

विलक्षण मुस्कुरायो । यही प्रश्न नै परिवर्तनको पहिलो ढोका हो ।

उसले क्याफेको ठूलो स्क्रिनमा देशका दृश्यहरू प्रोजेक्ट गर्‍यो । पोखराको फेवा, इलामको माइपोखरी, मुगुको रारताल । गाउँलेहरूले सुइँक-सुइँक गर्दै हेरे "हाम्रो त अझै सुन्दर ! यति नजिक भएर पनि हामीले किन नदेखेका रहेछौं ?"

पहिलोपटक गर्वको उज्यालो गाउँलेका आँखामा झल्कियो । पहिलोपटक उनीहरूले महसूस गरे, "सम्पदा हाम्रो विशाल छ, सोच मात्र साँघुरो थियो, रहेछ ।"

विलक्षणको लोकप्रियता देखेर मुखियाहरू छटपटाए । उनीहरूले गुपचुप रूपमा 'विकास योजना' भन्दै विदेशी दलालसँग गाउँको ठूलो जमिन बेच्ने सम्झौता गरे ।

मुखियाले धम्काउँदै विलक्षणलाई रोक्न खोजे । विलक्षणको मनमा एकपटक डरको सानो छाल आयो, कहीं मेरो यो ज्ञानले मलाई नै विनाशतिर त डोर्‍याउँदै छैन ? तर उसले तत्काल आफैँलाई प्रश्न गर्‍यो, "सत्यको खोजमा डरले जित्नु हुँदैन ।"

उसले ती कागजातका सबै प्रमाणको फोटो खिच्यो, स्क्यान गर्‍यो र गाउँभरि प्रोजेक्टरमा देखायो । स्क्रिनमा चम्किएको थियो मुखियाहरूको धोका ।

गाउँ स्तब्ध भयो । मुखियाहरू हडबडाए । "सबै झुट हो ! यो बदनाम गर्न खोजिएको षड्यन्त्र हो !"

तर विलक्षणले 'अपलोड' बटन थिचिसकेको थियो । प्रमाण विश्वभर फैलियो मानवअधिकार संस्था, पत्रकार, पर्यावरण समूह, सबैको ध्यान उज्यालो बस्तीमा खस्यो ।

"हामीलाई वर्षौंदेखि धोका दिइएको रहेछ" गाउँलेहरू आक्रोशमा रोए ।

विलक्षणले उठेर भन्यो, "सत्य लुकाउन सकिँदैन । अब हामी अन्धकारको दास रहने छैनौं ।"

त्यसदिन उज्यालो बस्तीमा अक्षर, ज्ञान र सूचना पहिलोपटक सत्ता बने । मुखियाहरू पदच्युत भए । तर उनका केही समर्थकले 'विलक्षणको हैकम' भन्दै गाउँमा विरोधको सानो स्वर निकाले, जसले परिवर्तनको बाटो सजिलो छैन भन्ने संकेत गर्‍यो ।

हिमालतिर हेर्दै विलक्षणले गाउँलाई घोषणा गर्‍यो, तर उपदेशका रूपमा होइन, प्रतिबद्धताका रूपमा ।

"हामी मुक्त हुन्छौं तर केवल ज्ञानले मात्र होइन, उत्तरदायित्वले पनि ।"

अन्धविश्वासबाटः विज्ञान, तर्क र शिक्षातिर । अब हामी देवता रिसाएको हेरेर होइन, मौसमको तथ्याङ्क हेरेर खेतीको योजना बनाउँछौं ।

दुरुपयोगबाटः पारदर्शिता, नियम र स्वच्छ प्रशासनतिर । हाम्रो गाउँको हरेक पैसाको हिसाब इन्टरनेटमै पारदर्शी हुनेछ ।

सङ्कीर्णताबाटः विश्व नागरिक (नयिदर्बा ऋष्तष्शभलक) को चेतनातिर । हामीले आफ्नो सम्पदालाई चिन्छौं, तर संसारसँग सिक्न पनि पछि पर्दैनौं ।

वर्षौंपछि– उज्यालो बस्तीको खोलामा वातावरण अनुकूल आधुनिक आयोजना आयो । विद्यार्थीहरूले थ्बभि, त्यपथय र अन्य विश्वविद्यायसँग अनलाइन कक्षाहरू लिन थाले ।

कतिपय युवाहरूले प्रविधि सिक्न नसकेर निराश पनि भए, तर विलक्षणले 'असफलता ज्ञानको अन्त्य होइन' भन्दै उनीहरूलाई हौसला दियो ।

पुराना बुढाबुढीहरूले एकदिन विलक्षणको हात समाएर भने, "बाबु, हामीले भगवानलाई खोजेका थियौं, तर खोजेको शक्ति त, ज्ञानमै रहेछ ।"

विलक्षण मुस्कुरायो जसरी बिहानको पहिलो किरण हिमालको टुप्पोबाट झर्दा सारा संसार उज्यालो देखिन्छ ।

अन्धकार हटिसकेको थियो । उज्यालो बस्ती पहिलोपटक साँच्चै उज्यालो भएको थियो । गाउँभर फैलिएको थियो एउटा स्वर, "राष्ट्रले आफ्ना कमजोरीलाई विश्वको दर्पणमा हेर्न सिक्यो भने, नयाँ युग जन्मिन्छ ।"

उज्यालो बस्तीले सिद्ध गर्‍योः सूचना शक्ति हो, ज्ञान प्रकाश हो र प्रकाश अन्धकारको अन्त्य मात्र होइन, मानवीय चेतनासहितको नयाँ युगको आरम्भ पनि हो ।

कविता

# म अर्थात् पूर्णता



सचिन कायस्थ

आँखा चिम्लन्छु र घोत्लिन्छु
झर्झराउँदो ताप शिरमा चढ्छ
मभित्र एक अग्नि छ
नाभिभित्रको गहिराइमा
च्वास्स घोच्ने एक चिसो छ
हो मभित्र एक हिमयुग छ

घरको मूलढोका बाहिरै
समस्याको बिस्कुन सुकिरहन्छ
बिझ्छ छातीनेर कतै
शिर यसै लत्रन्छ

अनि
मनको गहिराइमा छ्वास्स एक
पहिरो झर्छ
आकाश अनायास अँधेरो हुन्छ
तर
प्रत्येकजसो नुक्कडहरूमा
एक गिलास माया र
गफको सितन एक प्लेट
एक मधुर-मधुर भट्टीमा
एक अञ्जुलि आशा अनि
निस्पट्ट अन्धकारमा एक दियो
पिलपिल पिलपिल टिमटिमाउँछ
हो मभित्रै एक समाधान छ

अरबको मरुभूमि र अमेजनको
जङ्गल
सगरमाथाको उचाइसँगै
मरियाना ट्रेन्चको गहिराइ,
रत्नाकरभित्रको वाल्मीकि
सबै सबै मभित्र छ ।

हो
मभित्र कालो र सेतो दुवै छ
म
हरेक दिन आफैँसँग एक युद्ध
लड्छु
म
हरेक दिन आफैँसँग एक युद्ध
हार्छु
अञ्जलिका अस्त्रले म अर्जुन
हिलोमा फसेको रथको पाङ्ग्रो
निकाल्दै
गरेको
आफैँलाई प्रहार गर्छु
र
हरेक दिन एक कुरुक्षेत्र बन्छु ।
कर्ता, कर्म र नतिजा
आफैँमा व्याप्त
म दिव्य कृष्ण हुँ
आफैँमा सम्पूर्ण !

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय, सुर्खेत**

**भूमि प्रशासन कार्यालय सुर्खेतबाट जारी भएको अपुताली (नामसारी) जग्गा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**मिति: २०८३/०३/०५ गते**

जिल्ला सुर्खेत भेरीगंगा नगरपालिका वडा नं. ०४ बस्ने सेतुराम क्षेत्रीनी (ना.प्र.नं. २७/९०३, जारी मिति २०४४/११/१४, सुर्खेत) ले मेरो पति ज.ध. खडक बहादुर बुढा क्षेत्रीको नाममा तपशिल बमोजिमका जग्गा रहेकोमा निजको मिति २०६९/०९/०९ मा मृत्यु भएकोले मेरो पति ज.ध. खड्के बुडा क्षेत्रीको शेष पछिको हक खाने हकदारमा म पत्नि मात्र रहेकोले मेरो पति ज.ध. खडक बहादुर बुढा क्षेत्रीको नाममा दर्ता कायम तपशिल बमोजिमको जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाउँ भनि यस कार्यालयमा द.नं. ११७७७मिति २०८३/०३/०४ मा निवेदन मागदावी रहेकोमा नामसारी गरिदिन माग भएको जग्गा धनीको नाम थर ज.ध. पुर्जाको प्रमाण पत्रको प्रतिलिपी हराएको दर्ता श्रेस्ताको प्रमाणित प्रतिलिपी पेश गरेको, ज.ध.को नाम, थर पुर्जा र श्रेस्तामा खडक बहादुर बुढा क्षेत्री बाबुको नाम, थर सर्वे बाजेको नाम, थर, ना.नं., जारी मति समेत नखुलेको, ज.ध.को नेपाली नागरिकताको सक्कल हराएको र नागरिकताको प्रतिलिपीमा नाम, थर खड्के वुडा क्षेत्री र बाबुको नाम, थर बहादुर भई फरक परेकाले निज बाहेक उल्लेखित जग्गामा अन्य कसैको हकदाबी भए वा नामसारी माग गरेको जग्गा निवेदकको नाममा नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लेखित कित्ता जग्गाको हकमा नामसारीको लागि यस पुर्व मिसिल भिडाई नामसारी प्रक्रियामा रहे भएको भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न आउनुहोला ।
तोकिएको म्याद भित्र कोही कसैको दावी बिरोध नपरे निवेदकको माग दावीलाई स्वीकार गरेको मानि कानून बमोजिम जग्गा नामसारी भई जानेछ र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

**तपशिल:**

| गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावालाको नाम | निवेदकको नाम |
|---|---|---|---|---|---|
| लावन | ६ङ | २४ | ४५१८.९६ | खडक बहादुर बुढा क्षेत्री | सेतुसरा क्षेत्रीनी |

## राष्ट्रिय...

योगदान क्रमशः ३१.५२ प्रतिशत, १०.०७ प्रतिशत र ५८.४१ प्रतिशत रहने प्रारम्भिक अनुमान राष्ट्र बैंकको छ । यस्तै, कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धैरै १७.३६ प्रतिशत छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.५१ प्रतिशत छ ।

उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३३.५९ प्रतिशत रहदा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.०२ प्रतिशत छ । राष्ट्र बैंकको तथ्यांकअनुसार चालु आर्थिक वर्षमा राष्ट्रिय आयमा सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४६.४८ प्रतिशत रहदा कर्णालीको हिस्सा भने सबैभन्दा कम ३.७६ प्रतिशत छ ।

## यस्तो...

स्तरोन्ती हुनसके कर्णालीलाई आन्तरिक तथा बाह्य पर्यटकको हब बनाउन सकिने राष्ट्र बैंकको अर्धवार्षिक प्रतिवेदनमा उल्लेख छ । यी रणनैतिक सडक आसपास रहेका शे-फोक्सुण्डो ताल, रारा ताल र हुम्लाको लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक भित्र्याउन सकिने सम्भावना राष्ट्र बैंकले औल्याएको छ । यस्तै, सल्यानको कुपिण्डे दह, दैलेखको पञ्चकोशी ज्वाला, हुम्लाको लिमी उपत्यका, जुम्लाको सिंजा, डोल्पाको डोल्पोबुद्ध, धो र रिग्मो जस्ता ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धन गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको जनाइएको छ । कर्णालीमा जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी प्रशोधित जडिबुटीलाई उचित मूल्यमा निर्यात गर्न सकिने उच्च सम्भावना औल्याइएको छ ।

यस्तै, निर्यातयोग्य रैथाने उत्पादन जस्तैः मार्सी धान, चिनो, फापर, कोदो, कागुनो, जुनेलो, लट्टे, सिमी, ओखर लगायतका कृषि उपजहरुको ब्राण्डिङ्ग गरी बजारीकरण गर्न सकेमा रोजगारी र आयस्तर वृद्धि गर्न सकिने सम्भावना राष्ट्र बैंकले देखाएको छ । दैलेखमा अवस्थित प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको व्यवस्थित रुपमा उत्खनन गरी आयात प्रतिस्थापन गर्न सकिने सम्भावनासमेत राष्ट्र बैंकको अर्धवार्षिक प्रतिवेदन २०८२/०८३ मा देखाइएको छ ।

**अनलाइनमार्फत कृषि तथा पशुपन्छी बीमा गर्न सकिने सम्बन्धि सूचना**

- नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल बीमा प्राधिकरणको सहकार्यमा निर्माण गरिएको कृषि पशुपन्छी तथा जडिबुटीको बीमा सम्बन्धी अनलाइन पोर्टल (alis.nia.gov.np) मार्फत कृषि पशुपन्छी तथा जडिबुटीको बीमाका लागि आवेदन गर्न सकिनेछ ।
- अनलाइन पोर्टल (alis.nia.gov.np) मा किसानले आफ्नो लगइन युजर बनाइ कृषि, पशुपन्छी तथा जडिबुटी व्यवसायको बीमा प्रस्ताव गर्न, बीमकलाई कागजात, फोटो तथा भिडियो उपलब्ध गराउन एवम् बीमालेख स्वीकृतिको जानकारी लिन, बीमालेख नविकरण लगायतका बीमा सम्बन्धी सम्पूर्ण सेवा लिन सकिनेछ ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

**भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. कर्णाली प्रदेश कार्यालय सुर्खेतको २१ दिने सूचना**

(सूचना प्रकाशन मितिः २०८३।०३।०६)

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिमको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरि बुझाउंनुपर्ने कर्जाको सावा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बधी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिदा लेखिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौ । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराइएको छ ।

**सम्बन्धित कार्यालयको नाम – कृषि विकास बैंक लि. शाखा कार्यालय, जाजरकोट**

| क्र.स | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता र पतिको नाम | कर्जाको उदेश्य | सावा रकम रु | मिति २०८३।०३।०५ सम्मको व्याज किस्ताा तथा अन्य लेना रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा तथा जमानत दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आर जि बहुउदेश्यिय कृषि फर्म खाता संचालक राज बहादुर शाही | भेरी न.पा. ०४, जाजरकोट | टेक बहादुर शाही | नारायण शाही | कर्णाली प्रदेश अनुदान कर्जा | १,९६३,००० | २,०४८,५०० | २,०४८,५०० | राज बहादुर शाही, विजया शाही र शुशिला कुमारी शाही | १९६३००० सावा सबै भाखा नाघेको |
| २ | एसएस इन्टिग्रेटेड एग्रोफरेष्टी फर्म प्रो. झलकनाथ वाग्ले | भेरी न.पा. ०४, जाजरकोट | मंगलराम वाग्ले | शालीग्राम वाग्ले | सहुलियतपूर्ण कर्जा | ९१८,४५० | ९६१,२०० | ९६१,२०० | मनिराम दमाई खलंगा ०३, जाजरकोट | ९१८४५० सावा सबै भाखा नाघेको |
| ३ | हिमालय बाखा फर्म प्रो.दिल बहादुर शाही | शिवालय गाउपालिका ०२, जाजरकोट | अइवान शाही | नरु शाही | कर्णाली प्रदेश अनुदान कर्जा | ६६२,००० | ७१८,००० | ७१८,००० | टीका शाही | ६६२००० सावा सबै भाखा नाघेको |
| ४ | पुतली देवी सुनार | भेरी न.पा. ०४, जाजरकोट | टमाने नेपाली | कृष्णे नेपाली | व्यक्तिगत ओ भरड्रफ्ट कर्जा | ५०,२०० | १४७,००० | १४७,००० | सिता बि.क., लक्ष्मण सुनार, पृथी बहादुर सुनार, कमला सुनार | ५०२०० सावा सबै भाखा नाघेको |
| ५ | ताराजंग शाही | छेडागाड ०५, जाजरकोट | पदम बहादुर शाही | चन्द्र बहादुर गिरी | सरल कृषि कर्जा | ९९०,००० | ८३,००० | १,०७३,००० | असरुपा शाही सरस्वती कुमारी गिरी शाही | |
| ६ | ग्रामीण कृषि अर्गानिक कृषि उत्पादण प्रो.लाल बहादुर नेपाली | खलंगा ०२, जाजरकोट | माध्वज कामी | प्रतापे कामी | सहुलियतपूर्ण कर्जा | ७६०,००० | ८३३,००० | ८३३,००० | शिला विश्वकर्मा | ७६०००० सावा सबै भाखा नाघेको |
| | जम्मा | | | | | ५,३४३,६५० | ४,७९०,७०० | १०,१३४,३५० | | |

कृषि विकास बैंक लि.
कर्णाली प्रदेश कार्यालय सुर्खेत

# काठमाडौंबाट पनि फिर्ता भयो रविविरुद्धको मुद्दा

**युग संवाददाता**
**काठमाडौं, ५ असार ।**

जिल्ला अदालत काठमाडौंले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको सङ्गठित अपराधसम्बन्धी अभियोगको मुद्दा फिर्ता लिनका अनुमति दिएको छ। न्यायाधीश आत्मदेव जोशीको इजलासले आज सभापति लामिछानेको सङ्गठित अवराधसम्बन्धी अभियोगको मुद्दा फिर्ता लिन आदेश गरेको हो।

आदेशमा भनिएको छ, 'निवेदन मागबमोजिम प्रस्तुत निवेदनसँग सम्बन्धित सङ्गठित रूपमा ठगी गरेको मुद्दाको अभियोगपत्रमा ठगीतर्फको अभियोग कायम राखी सङ्गठित अपराधतर्फको अभियोग कायम नरहनेगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम यो संशोधन आदेश गरिदिएको छ।'

आदेशमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ को उपदफा (२) को खण्ड (क)ले सम्पत्ति शुद्धीकरणसमेतका केही मुद्दाहरूबाहेक अन्य मुद्दामा अभियोग दाबी फिर्ता लिन वा संशोधन गर्न कानुनले रोक लगाएको अवस्था पनि नदेखिएको उल्लेख छ।

आदेशमा भनिएको छ, 'अपराध संहिता, फौजदारी कार्यविधि संहिता एवं अपराध पीडित संरक्षण ऐनसमेतले पीडितमुखी न्यायको अवधारणालाई स्वीकार गरेको परिप्रेक्ष्यमा पीडितलाई क्षतिपूर्तिसहितको न्यायका लागि बाधकका रूपमा रहने लामो फौजदारी प्रक्रिया, कठोर अभियोग एवं मिलापत्रका लागि अवरोध हुने अवस्थामा फौजदारी न्यायशास्त्र, अभियोजनको स्वायत्तता, पीडितको अधिकार र सार्वजनिक हितबीचको सन्तुलनका लागि अदालतले अभिभावकीय दायित्व निर्वाह गर्नुपर्ने पनि हुन्छ।' सहकारी ठगी तथा सङ्गठित अपराधसम्बन्धी मुद्दामा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले अभियोगपत्र संशोधनको निवेदन दायर गरेको थियो। यसअघि, सभापति लामिछानेको सङ्गठित अपराधसम्बन्धी मुद्दा कास्की र पर्सा अदाततले फिर्ता लिन अनुमति दिएको थियो।

# सांसदहरूले धक्कामुक्की गरेको घटना छानबिन गर्न गठित समितिको प्रतिवेदनमा के छ ?

**युग संवाददाता**
**काठमाडौं, ५ असार ।**

गत १७ जेठमा प्रतिनिधिसभा नियमावली पारित गर्ने समयमा विपक्षी दलका सांसदहरूले संसद अवरोध गरेका थिए। सो क्रममा सत्ता र प्रतिपक्षी सांसदहरूबीच बैठकमा भनाभन र धकेलाधकेल भएको थियो। साथै, भौतिक क्षतिसमेत भएकाले सभामुख डीपी अर्यालले १८ जेठमा छानबिन समिति बनाएका थिए। समितिले १७ जेठमा संसद बैठकमा सामान्य क्षति भएको विवरणसहितको प्रतिवेदन बुझाएको छ।

प्रतिनिधिसभाका सचिव प्रकाश अधिकारीको संयोजकत्वमा गठित समितिमा संसद सचिवालयको आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखा प्रमुख ववित मिश्र र प्रविधि व्यवस्थापन महाशाखा प्रमुख गोपाल सिग्देल सदस्य थिए। समितिले तोकिएको समयमा नै प्रतिवेदन बुझाएको सदस्य मिश्रले जानकारी दिइन्।

समितिको प्रतिवेदनमा माइक र कुर्सीलगायत भौतिक सामग्रीमा क्षति पुगेको विवरण उल्लेख रहेको स्रोतले बताएको छ। प्रतिवेदनमा विरोध प्रदर्शनका क्रममा आक्रोशित बनेका सांसदका गतिविधिबारे पनि उल्लेख गरिएको छ। प्रतिपक्षीको विरोधका क्रममा सत्तापक्षका सांसदहरू पनि आक्रोशित बनेपछि माहौल झनै चर्किन पुगेको समितिको निष्कर्ष छ।

घुयँत्रो

# 'बिरसिक्का'

विचरा पुराना दलका नेताहरका नि आआफ्नै बिलौना छन। के गर्ने समय र परिस्थितिले लखेटेछि ती हिजोका सान शौकत कसरी गिदरिँछन हेर त! पुराना प्रधानमन्त्री देउबा जो निष्कटंकरुपमा प्रधानमन्त्री र पाटि सभापतिको कुर्सीमा विराजमान थिए र उनका आशेपाशे देखि उनकि श्रीमती आर्जुले सरकार र पाटिमा कसरी कब्जा जमाएर रुपियाँ बटुल्थिन। आफ्ना झोलेहरुबाहेक कसैलाई सरकारी पद र पाटिको पदमा बस्न दिन्थिनन। ठेक्का पट्टा हुन कि अन्य पैशा आउने जुनसुकै काममा नि उनकै हात थियो र राज्यको थितिमिति मिचेर आफ्ना दलालहरु परिचालन गरेर रुखमा लटरम्मै फल लाग्या होलान जसरि रुपियाँ झर्थिन तर तिनै बोट बिरुवाँ काउछो फलेर त्यै काउछो झरेर आफ्नै आङभरि खसेर यो दुर्दशा बनाउला भनेर सोचिनन्। न त मेरो यो असिमित गतिविधि र हस्तछेपले एक दिन आफ्नै पतिको यो यो विजोग बनाउलान र दलदलको ठोकर खाँदै हिँडनु पर्ला भन्ने नै सोचिन। देशमा भष्टाचार र भष्टाचारीलाई मलजल गरेर देशलाई तन्नम बनाएछि कुनै तीन त्यसको बिरोधमा देशभर कुनैशक्ति उभ्रेर आँफुलाई दलदलको ठोकर खाने र आफ्नै देशमा बस्ननि सरकार शीत यसरी भाँति बिन्ति गर्नुपर्ला भन्ने कुराको थोरै मात्रनि आर्जुले हेक्का राख्थिन भने ऐले विदेशबाट स्वदेश फर्किने परिस्थितिका लागि कसैलाई हाआर गुहार गर्नु पर्थेन। नत जेनजी आन्दोलनकै नाममा ३५ बर्ष देखि कमाएको श्रीसम्पति र मान सम्मान नै गुमाउनु पर्थ्यो। जो झोफेहरुको राजनीतक तथा आर्थिक झोला भरि दिन रात दिन देउबा परिवार लाग्यो। अनि खै त! भदौ २३/२४ को आन्दोलनमा आन्दोलनकारीले देउबा श्रीमान् श्रीमतीको जिउधननै सकिने गरि कुटपिट गर्दा र आगजनि गर्दा ती नेता कार्यकर्ता जसले देउबा परिवारका नाममा कुस्तो धन र इज्जत अनि पद कमाए तीनिहरु जेनजिको पिटाईले देउबा दम्पति रगताम्य हुँदा कहाँ गए ? न उध्दार गर्न बुढानिलकण्ठ पुगे न उपचारमा रहँदा छाउनि अस्पतालनै पुगे। भदौ देखि यो असारसम्मै बिचरा देउबा र आर्जु उपचारमै कैलेको मलेसिया र कैलेको हङकङ पुगि रहेका छन। अनि देशमा उब्जिएको परिस्थितिले आफ्नो जीवन रक्षा गरि दिन बालेन सरकारसित हारगुहार गरेर ईमेल पठाउँदैछन। उनिहरु पक्राउ नगर्न अपिल गर्दैछन सरकार पक्राउको वारेन्ट जारी गर्दैछ। आखिर के रैछ त जिन्गी ३५ बर्ष देशमा राज गरेको पाटि र तिनका नेताहरुको यस्तो दुर्दशा हुँदो रहेछ। कुनै दिन यो परिणति भोग्नु पर्छ भन्ने कुराको थोरै मात्र ख्याल गरेको भए देशमा ३५ बर्ष भष्टाचारको यो विगविगि हुन्थेनकि नत आफ्नै पाटिका झिङे कार्यकर्ताले पाटिबाटै निकालेर सदाका लागि यो रमिता हेर्ने परिस्थिति बनाउँथेनन कि! एकातिर काँग्रेस भित्र त्यो अबस्था चलि रहँदा यता नेपालि कमिनष्ट पाटिका झलनाथ खनाल भने जेनजीले सन्चै नहुने घाउ लगाई रहेका बेला माधब नेपालको राजीनामा माग्दै कुर्लि रहेका छन। बिचरा माधबको नेकपामा आफ्नै अस्थित्व छैन। कमिनिष्ट एकीकृत हुने निहुँमा प्रचण्डले माधबको अस्थित्व समाप्त पार्दि सक्याछन। यस्तो बेलाँ त्यो मरि सक्या बाघको जुङा तान्न झलनाथ किन कस्सिया हुन कुन्नि बुछि नसक्नु छ। पुराना दलको यै द्वन्द्वका वीच दुई तिहाईको बालेन सरकार भने कुनै बस्तु बगाएर तल्थिर खोज्न जानू पर्ने ठाउँमा मास्थिर दौडिरहेकोछ। देशमा उद्योग धन्दा बन्द हुँदैछन। मान्छे काम विहिन बन्दैछ।व्यापार व्यवसाय उद्योग धन्दा र कृषि उत्पादन तथा मान्छेको आर्थिक क्षमता वृद्धि गर्दै अघि बढने खालका विकास निर्माण र आयोजना सनणचालन गर्ने ठाउँमा पुराना आयोगका प्रतिवेदन पल्टाउँदै कार्वाहि गर्छम् भन्दै कार्यकर्तालाई भर्ति गर्दैछ।यस्तो तरिकाले चुनाबमा गरेका बाचा समयमै पूरा होलान त ? सरकारको यो गतिविधि हेर्दा त " जति जोगी आए कानै चिरियका" भन्ने उखानलाई सम्झाउने बाहेक अरुकेहि देखियन।

# हुम्ला-बाजुरा सीमा विवादमा संलग्न भएको आरोपमा २१ जना पक्राउ



**युग संवाददाता**
**सुर्खेत, ५ असार ।**

बाजुरा र हुम्लाबीचको सीमा विवाद घटनामा संलग्न भएको आरोपमा २१ जना पक्राउ परेका छन्। २३ जनाविरुद्ध किटानी जाहेरी परेकोमा २१ जनालाई पक्राउ गरिएको हो। जिल्ला प्रहरी प्रमुख डीएसपी शैलेश्वरी बोहराका हुम्लाका बासिन्दालाई पक्राउ गरी जिल्ला सदरमुकाम पुर्‍याउन लागिएको छ।

उनीहरूलाई पक्राउ गरेर घटनाको अनुसन्धान गर्न हुम्ला प्रहरीसँग समन्वय गरिएको थियो। घटनामा घाइते भएका मीनु कुँवरका बुबाले किटानी जाहेरी दिएका थिए। हिमाली गाउँपालिका- ३ लाम्पाटामा प्रहरी चौकी स्थापनाको विषयमा विवाद हुँदा जेठ २ गतेदेखि ५ गतेसम्म स्थानीय बासिन्दा, जनप्रतिनिधि, कर्मचारीमाथि कुटपिट भएको थियो भने पर्यटकलाई रानीसैन (साइपाल हिमालको पूर्वी बेस क्याम्प) भ्रमणमा अवरोध गरिएको थियो।

घटनामा हुम्लाको खार्पुनाथ गाउँपालिका- २ थाली गाउँ र आसपासका बासिन्दाको संलग्नता रहेको आरोप छ। घटनास्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको बेस स्थापना भइसकेको छ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।